लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय, दाङ


# मासिक जनस्वास्थ्य बुलेटिन


आ. व: २०८२/८३ बर्ष: पहिलो अंक: ७ माघ २०८२


## माघ महिनाका प्रमुख उपलब्धिहरु

- ✓ जिल्ला खोप समन्वय समिति, सञ्चारकर्मी र सरोकारवालाहरुसंग बिद्यालय केन्द्रित एच.पी.भी.खोप सञ्चलान सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रम
- ✓ बिद्यालय केन्द्रित एच.पी.भी. खोप अभियान
- ✓ निजी स्वास्थ्य संस्थाहरूको अनुगमन तथा निरीक्षण गरिएको।
- ✓ नियमित खोपमा बिद्यालय केन्द्रित खोप अभियान (एच.पी.भी. खोप) संचालनको लागी जिल्ला स्तरीय योजना तर्जुमा गोष्ठी
- ✓ स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुसंग मासिक बैठक
- ✓ तथ्याङ्क गुणस्तर सुधारका लागि स्थानीय तह एवम् स्वास्थ्य संस्थाहरुमा एल एम आइ एस, एच एम आइ एस र डि एच आई एस र **PAMS V2** सम्बन्धी अनसाइट कोचिङ (स्थलगत अनुशिक्षण) स्थानीय तह स्वास्थ्य शाखाको मासिक मिटिङमा सहजीकरण

## माघ महिनाका प्रमुख उपलब्धिहरु

- ✓ परिवार योजना सेवाको तथ्याङ्क सुदृढिकरणको लागि समिक्षा र **FP Data Pro Orientation** कार्यक्रम बिद्यालय केन्द्रित एच.पी.भी. खोप अभियान
- ✓ स्थानीय तहका स्वास्थ्य संस्थाबाट सञ्चालन भएका मातृ तथा नवशिशु कार्यक्रमहरुको अनुगमन क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम सञ्चालन
- ✓ मानसिक स्वास्थ्य सचेतना अभियान २०८२ अन्तर्गत किशोर किशोरीहरुको मानसिक स्वास्थ्य सम्बन्धी शिक्षकहरुसंग अन्तर्क्रिया कार्यक्रम
- ✓ विश्व उपेक्षित उष्ण प्रदेशीय रोग दिवसको अवसरमा स्वायं हेरचाह समुह तथा जनप्रतिनिधिहरु अन्तरक्रिया
- ✓ विश्व क्यान्सर दिवसको अवसरमा संचारकर्मीहरुसंग अन्तरक्रिया
- ✓ स्थानीय तहमा आवश्यक पर्ने आधारभूत औषधिहरुको **quantification** तथा **forecasting** कार्यक्रम


dphodang@gmail.com, hodang@lumbini.gov.np ०८२-५६०००५ ho.lumbini.gov.np

## महिनामा सम्पादन गरिएका मुख्य/मुख्य क्रियाकलापहरुबारे थप जानकारी

१) **बिद्यालयकेन्द्रित एच.पी.भी. खोप अभियान:** जिल्ला खोप समन्वय समिति, सञ्चारकर्मी र अन्य सरोकारवालाहरुसंग बिद्यालय केन्द्रित एच.पी.भी.खोप सञ्चलान सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रम गरी मिति २०८२।१०।२५ गतेदेखि जिल्लामा विद्यालय केन्द्रित एच.पी.भी खोप अभियानको सञ्चालन गरिएको थियो। पहिलो चरणमा मिति २०८२।१०।२५ र २६ गते देउखुरीका ४ स्थानीय तह एवम् घोराही उपमहानगरपालिका तथा मित २०८२।१० २८ र २९ गते बाँकी ५ वटा स्थानीय तहमा अभियान सञ्चालन भएको थियो।अभियानबाट जिल्लामा गत वर्ष छुटेका र यस बर्षको लक्षित जनसंख्यामध्ये ७८३७ जना किशोरीहरु (९८ प्रतिशत) ले खोप लगाएका थिए।

२) **३० वर्ष माथिका नागरिकहरुमा नसर्ने रोगहरुको स्क्रिनिङ अभियान कार्यक्रम:** यस अभियानअन्तर्गत ३० बर्षमाथिका नागरिकहरुमा उच्च रक्तचाप, मधुमेह र मृगौलासम्बन्धी रोगको स्क्रिनिङ गरी परामर्श तथा प्रेषण गर्ने कार्यक्रम रहेको छ। अभियान सुरु गरिएको थियो। फागुन महिनामा गर्नुपर्ने अभियान निर्वाचनका कारण माघको अन्तिम साताबाट सुरु गरिएको थियो। स्थानीय तहहरुको सहभागितामा जिल्लास्तरीय योजना तर्जुमा गरी माघ महिनामा केही स्थानहरुबाट सुरु गरिएको यस अभियानलाई फागुन महिनामा समेत निरन्तरता दिइएको छ।

३) **परिवार योजना सेवाको तथ्याङ्क सुदृढीकरणको लागि समीक्षा र FP Data Pro Orientation कार्यक्रम:** परिवार योजनासम्बन्धी कार्यक्रमको गत आर्थिक वर्षको समीक्षा साथै गुणस्तरीय सेवा प्रवाह र तथ्याङ्कको अभिलेख तथा प्रतिवेदन सुदृढीकरण लागि FP Data Pro App को प्रयोग सम्बन्धी अभिमुखीकरण गरिएको गरिएको थियो। अभिमुखीकरण कार्यक्रममा सबै स्थानीय तहका स्वास्थ्य शाखामा कार्यरत कार्यक्रम हेर्ने फोकल पर्सन तथा आधारभुत र प्रादेशिक अस्पतालका नर्सिङ कर्मचारीहरुको सहभागिता रहेको थियो।

४) **स्थानीय तहमा आवश्यक पर्ने आधारभूत औषधिहरुको quantification तथा forecasting कार्यक्रम:** स्थानीय तहमा आवश्यक पर्ने आधारभूत औषधिहरुको परिमाण निर्धारण तथा प्रक्षेपण गर्ने सीपको विकास गर्ने साथै यस आर्थिक वर्षमा आवश्यक आधारभूत औषधीहरुको परिमाणसमेत निर्धारण गर्ने उद्देश्य राखेर यो कार्यक्रम गरिएको थियो। कार्यक्रममा जिल्लास्थित सबै स्थानीय तहअन्तर्गतका स्वास्थ्य शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो।

५) **तथ्याङ्क गुणस्तर सुधारका लागि स्थानीय तह एवम् स्वास्थ्य संस्थाहरुमा एल एम आइ एस, एच एम आइ एस र डि एच आई एस र PAMS V2 सम्बन्धी अनसाइट कोचिङ (स्थलगत अनुशिक्षण) स्थानीय तह स्वास्थ्य शाखाको मासिक मिटिङमा सहजीकरण:** बबई तथा शान्तीनगर गाँउपालिकाको मासिक बैठकमा सहभागी भई स्वास्थ्य तथ्याङ्क गुणस्तर सुधार, PAMS v2, DHIS2को प्रयोग तथा profile update साथै अभिलेख तथा प्रतिवेदन गर्दा हुन सक्ने त्रुटीहरुको पहिचान लगायतका विषयहरुमा छलफल तथा अनुशिक्षण गरिएको थियो।

६) **स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुसंग मासिक बैठक:** गत महिनामा सञ्चालित कार्यक्रमहरुको समीक्षा, गत बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था एवम् HPV खोप तथा नसर्ने रोगको स्कृनिङ अभियान सञ्चालनलगायतका विषयवस्तुका अतिरिक्त गुणस्तरीय अभिलेख तथा प्रतिवेदनको सम्बन्धमा समेत छलफल भएको थियो।

७) **निजी स्वास्थ्य संस्थाहरूको अनुगमन:** कार्यालयबाट सञ्चालन अनुमति दिइएका तथा नवीकरण भएका घोराही, तुलसीपुर, लमही र रासीस्थित विभिन्न १४ वटा निजी संस्थाहरुको अनुगमन गरी देखिएका सुधार गर्नुपर्ने पक्षहरुबारे जानकारी गराइएको थियो।

८) **स्थानीय तहका स्वास्थ्य संस्थाबाट सञ्चालन भएका मातृ तथा नवशिशु कार्यक्रमहरुको अनुगमन क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम सञ्चालन**: सुरक्षित प्रसुति तथा गुणस्तरिय सेवा प्रवाहको लागि लमही नगरपालिकाअन्तर्गतको लमही अस्पतालमा क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम संचालन गरिएको थियो।

९) **स्वास्थ्यसम्बन्धी विभिन्न दिवस तथा अभियान**: स्वास्थ्यसम्बन्धी विभिन्न दिवस तथा अभियान मनाउने सन्दर्भमा माघ महिनामा मानसिक स्वास्थ्य सचेतना अभियान २०८२ अन्तर्गत किशोर किशोरीहरुको मानसिक स्वास्थ्य सम्बन्धी शिक्षकहरुसंग अन्तर्क्रिया कार्यक्रम, विश्व उपेक्षित उष्ण प्रदेशीय रोग दिवसको अवसरमा स्वयं हेरचाह समुह तथा जनप्रतिनिधिहरुसंग अन्तरक्रिया, विश्व क्यान्सर दिवसको अवसरमा संचारकर्मीहरुसंग अन्तरक्रिया जस्ता कार्यक्रमहरु गरिएका थिए।

## स्थानीय तहहरुबाट माघ महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु

माघ महिनामा जिल्लास्थित सबै स्थानीय तहहरुमा पालिका स्तरीय एचपीभी खोप सुक्ष्म योजना तथा अभिमुखीकरण कार्यक्रम, एचपीभी खोप अभियान, स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठक, जेष्ठ नागरिकको घरदैलोमा स्वास्थ्य जाँचलगायत अन्य नियमित कार्यक्रमहरु सञ्चालन भएका थिए। त्यसैगरी **गढवा गाउँपालिकामा** नसर्ने रोगको स्क्रिनिङ अभियान, सिविआइएमएनसिआई स्थलगत अनुशिक्षण; **राप्ती गाउँपालिकामा** तिलगंगा सर्जिकल आँखा केन्द्रको सहयोगमा मोतिबिन्दु रोगको शल्यक्रिया शिविर, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहयोगमा सिकल सेल एनेमिया जांच शिविर, राप्ती आधारभूत अस्पताल र लालमटिया स्वास्थ्य चौकी मा MSS मूल्यांकन र नसर्ने रोगको स्क्रिनिङ अभियान; **घोराही उपमहानगरपालिकामा** बेस नेपाल तथा हेलनकेयर International को सहकार्यमा हापुर स्वास्थ्य चौकीमा OTC Centre थप गरिएको साथै स्वास्थ्यकर्मीहरुलाई IMAM onsite coaching संचालन गरिएको, HERD International को समन्वय तथा सहकार्यमा २३ वटै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य जनशक्तीको अबस्था बिश्लेषण गरिएको साथै नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि चिनी तथा चिनीजन्य पेय पदार्थ र औद्योगिक प्रशोधित खाद्य पदार्थको बजार अनुगमन तथा बिश्लेषण गरिएको निजी स्वास्थ्य संस्थाहरुको तथ्याङ्क संकलन गरिएको, HPV खोपको पालिका स्तरिय अभिमुखीकरण कार्यक्रम संचालन, HERD International को सहकार्यमा जलबायू परिबर्तनले स्वास्थ्य क्षेत्रमा परेको असरको अनुसन्धानात्मक कार्यको शुरुवात गरिएको र साल्टट्रेनिङ कर्पोरेसन संगको सहकार्यमा सचेतनामुलक अभियानको शुरुवात गरिएको; **तुलसीपुर उपमहानगरपालिकामा** बेस संस्थाको सहयोगमा पोषण लेखाजोखा स्क्रीनिंग, क्षयरोग मुक्त पालिका सुक्ष्म योजना तर्जुमा वडा स्तरीय अभिमुखीकरण, AI एक्सरे द्वारा समुदायमा क्षयरोगको स्क्रिनिंगलगायतका कार्यक्रमहरु भएका थिए।

## आगामी महिनाको योजना

- नसर्ने रोगको स्क्रिनिङ अभियानको निरन्तरता
- MPDSR कार्यक्रमको समीक्षा तथा अभिमुखीकरण
- महिला स्वास्थ्य स्वयंसेविहरुलाई आधारभुत र पुनर्ताजगी तालिम
- कार्यक्रमगत स्थलगत अनुशिक्षण, सहयोगात्मक सुपरिवेक्षण र अनुगमनलगायत अन्य नियमित कार्यक्रमहरु

## सुझाव र प्रतिक्रियाका लागि

**सूचना अधिकारी**
नामः प्रेम प्रकाश खड्का
पदः अधिकृत लेखा
फोन नम्बरः ९८५७८६०००५
ईमेल ठेगानाः
khadkapremprakash2@gmail.com
**गुनासो सुन्ने अधिकारी**
नामः शरद कुमार घिमिरे
पदः अधिकृत छैठौं
फोन नम्बरः ९८४७८२०३८८
ईमेल ठेगानाः
sharad20ghimire@gmail.com

## कार्यक्रमसम्बन्धी फोटोहरु




प्रसुति सेवा प्रदायकलाई अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम, लमही अस्पताल




परिवार योजना कार्यक्रमको समीक्षा तथा FP data Pro अभिमुखीकरण



नसर्ने रोगको स्क्रिनिङ्ग अभियानअन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा घोराही उपमहानगरपालिकामा अभियानको उद्घाटन



स्वास्थ्य सामग्रीहरुको परिमाण निर्धारण तथा प्रक्षेपणसम्बन्धी अभिमुखीकरण कार्यक्रम



किशोर किशोरीहरुको मानसिक स्वास्थ्य सम्बन्धी शिक्षकहरुसंग अन्तर्क्रिया कार्यक्रम



विश्व उपेक्षित उष्ण प्रदेशीय रोग दिवसको अवसरमा स्वयं हेरचाह समुह तथा जनप्रतिनिधिहरुसंग अन्तरक्रिया



जिल्ला खोप समन्वय समिति, सञ्चारकर्मी र अन्य सरोकारवालाहरुसंग बिद्यालय केन्द्रित एच.पी.भी.खोप सञ्चलान सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रम



एच.पी.भी.खोप अभियान पूर्वको जिल्लास्तरीय सूक्ष्म योजना तर्जुमा कार्यक्रम



एच.पी.भी.खोप अभियानको अनुगमनपश्चात लिईएको सामुहिक तस्विर

**थप जनकारीको लागि तल दिईएको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ।**

dphodang@gmail.com,
hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np